# इटहरी उप–महानगरपालिका
## Itahari Sub-Metropolitan City
## नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
इटहरी, सुनसरी (Itahari, Sunsari)
१ नं. प्रदेश, नेपाल / Province No. 1, Nepal

५८१७०६ (कार्यालय)
५८४५५८ (कार्यालय)
५८००४६ (का.का.अ.)
५८४५५९ (कार्यालय)
५८०५०९ (इन्टरकम)
५८४६५५ (सामुदायिक)


प.सं. /Ltr. No.:

च.नं./Ref. No. : ९४८

मिति/Date:...................................

## इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको घरनक्शा पास सम्वन्धि सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४२ को देहाय (१) मा नक्सा पास सम्वन्धी विशेष व्यवस्था गरिए वमोजिम यस ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानुन वमोजिम नक्सा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत वेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्वन्धी मापदण्ड र आचार संहिता पालना भएको खण्डमा नगरपालिकाले यो ऐन प्रारम्भ भएपछि एक पटकको लागि देहायको व्यवस्था गरि नक्सा पास गर्न वा पास भएको नक्सामा हेरफेर गर्न स्वीकृत दिन सकिने व्यवस्था भएको हुँदा सो को प्रयोजनार्थ सम्वन्धीत सवैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ ।

क) नक्सा पास गर्न सम्वन्धीत व्यक्तिले सुचना प्रकाशित भएको मितीले ३५ दिन भित्र प्रमाण साथ दरखास्त दिनु पर्नेछ ।

ख) म्याद भित्र दरखास्त पर्न आएमा स्थलगत रुपमा प्राविधिक जाँचबुझ गरी साँध साँधियार समेतसँग बुझी भवन निर्माण सम्वन्धी मापदण्ड र संहिता पालना भए नभएको भन्ने सम्वन्धमा कार्यालयवाट यकिन गरिनेछ।

ग) भवन निर्माण सम्वन्धी मापदण्ड र भवन संहिता पुरा गरेको यकिन भएमा हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नको लागि लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई नक्सा पास गरिनेछ ।

घ) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अपार्टमेन्ट, हाउजिङ्ग, होटल तथा अन्य व्यवसायिक भवनको हकमा यो व्यवस्था लागु हुने छैन ।

पुनश्च :– भवन निमार्ण सम्वन्धी मापदण्ड र आचार संहिता विपरीत निर्माण भएका भवनहरुको नक्सा बनाउने व्यक्ति, कन्सल्टेन्सी, फर्म वा कम्पनीलाई नियम वमोजिम कारवाही हुनेछ ।

पिताम्बर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
इटहरी उप-महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय